# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।१९ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

विशेष अदातलमा दर्ता भएको मुद्दा नं.०८१-CR-००१६ वादी नेपाल सरकार प्रतिवादी ओम प्रकाश गुप्ता भन्ने ओम प्रकास तेलीसमेत भएको गलत लिखत तयार गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा सरकारी साक्षीहरुले अनुसन्धान अधिकृत समक्ष गरेको बयान कागजको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा विशेष अदालत, काठमाडौंमा दर्ता भएको गलत लिखत तयार गरी भष्टाचार गरेको मुद्दामा सरकारी साक्षीको रुपमा पेश गरिएका जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ बस्ने **राम किशुन कुर्मी, अनन्त बढै, चन्द्रीका चमार, लोरिक अहिर र श्रीभदै केवटले** विशेष अदालत, काठमाडौं समक्ष श्रव्य दृष्य (Video Conference) मार्फत बकपत्र गर्दा अनुसन्धान अधिकृत समक्ष गरेको बयान प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि हुन आएकोले निजहरु उपर भारतीय नागरिक अनुप मेहरालाई नेपाली नागरिक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) साविक पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ बस्ने प्रेमशरण खत्रीको छोरा अनुपकुमार खत्री हो भन्ने गलत र बदनितपूर्वक तयार गरिएको सर्जमिन मुचुल्कामा सहीछाप गरेको कार्य कसुर (Actus Reus) पुष्टि भएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा मतियारको भूमिका निर्वाह गरेको देखिएको हुँदा निजहरु **राम किशुन कुर्मी, अनन्त बढै, चन्द्रीका चमार, लोरिक अहिर र श्रीभदै केवटलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबंधात्मक वाक्याशंमा उल्लेख भएबमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल